# मानवअधिकारपत्र
Human Rights Post

NHRC Monthly Newsletter Vol. 1 Issue 10 Jan.–Feb. 2009

सबैका लागि मर्यादा, समानता र न्याय

वर्ष १, अङ्क १० राष्ट्रिय मानवअधिकार आयोगको मासिक बुलेटिन २०६५ माघ


## बेपत्तासम्बन्धी शिवपुरी क्षेत्रको अनुसन्धान प्रतिवेदन सार्वजनिक

### ● पुरुष व्यक्तिको अवशेष प्राप्त ● धेरै मानिसको चिहान हुन नसक्ने निष्कर्ष

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा काठमाडौंको शिवपुरी जङ्गल क्षेत्रमा गरेको अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ। पुस २ गते आयोगको केन्द्रीय कार्यालयमा सार्वजनिक गरिएको उक्त प्रतिवेदनमा एक व्यक्तिको अवशेष पाइएको जनाइएको छ।

शिवपुरी क्षेत्रमा प्राप्त अवशेषहरूलाई फिनल्यान्डस्थित हेलसिन्की विश्वविद्यालयको डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिन, लाबोरेटरी अफ फरेन्सिक बायलोजीमा गहन परिक्षण तथा अनुसन्धान गरिएको थियो। अनुसन्धानबाट प्राप्त निष्कर्ष अनुसार भेटिएको अवशेष पुरुष मानवको भएको तर उक्त अवशेष कसको हो भनी पत्ता लगाउन तथा त्यो अवशेष भैरवनाथ गणबाट बेपत्ता भएका ४३ जना मध्ये कसैको हो कि होइन भनी पत्ता लगाउन थप अनुसन्धान गर्नु पर्ने निष्कर्षमा आयोग पुगेको छ। साथै, लाश गाडिएको हुनसक्ने आशंका गरिएको शिवपुरी जङ्गलभित्रको उत्खनन स्थलमा धेरै लाशहरू गाडिएको हुन नसक्ने अनुसन्धानको निष्कर्ष छ।

फिनल्यान्डका फरेन्सिक विशेषज्ञ प्राध्यापक हेलेना रन्ता (हेलसिन्की विश्वविद्यालय) र प्राध्यापक पेक्का साउको (टुर्कु विश्वविद्यालय) यो अनुसन्धान कार्यमा संलग्न हुनुहुन्थ्यो। उहाँहरू अनुसन्धान कार्यको स्थलगत अवलोकन गर्न तथा प्रतिवेदन सार्वजनिक गर्ने क्रममा दुई पटक नेपाल आउनु भएको थियो।

यसअघि आयोगले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला तथा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको काठमान्डु अटप्सी सेन्टर/डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिनमा समेत शिवपुरी क्षेत्रमा सङ्कलित अवशेषहरूको अनुसन्धान/परीक्षण गरिएको थियो। स्वदेशी विशेषज्ञ तथा नेपाल आएका विदेशी विशेषज्ञहरूले शिवपुरी क्षेत्रमा प्राप्त वस्तुमा रहेका प्रमाणलाई स्पष्ट बुझ्नका लागि अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रमा लैजानुपर्ने सिफारिस गरेका थिए।

संकलित वस्तुहरूको नमुनाहरूको उत्पति के हो भनी पत्ता लगाउन थप अनुसन्धान गर्न विदेशको सुविधा सम्पन्न प्रयोगशालामा पठाउनु आवश्यक भएकाले नेपाल सरकारलाई आवश्यक व्यवस्थाको



*अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा आयोगका पदाधिकारी तथा विदेशी विशेषज्ञहरू*

लागि नेपाल सरकारलाई आयोगले लेखी पठाएको थियो। त्यसै अनुरूप फिनल्यान्डको सुविधा सम्पन्न प्रयोगशालामा अप्रिल १० देखि अगस्ट २०, २००८ सम्म ती वस्तुको परीक्षण तथा अनुसन्धान गरिएको हो।

सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूको अवस्थाका बारेमा कसैलाई पनि जानकारी नदिई बेपत्ता पारिएको र नेकपा (माओवादी) द्वारा कब्जामा लिई अवस्था अज्ञात पारिएकोले अवस्था सार्वजनिक गरी मानवअधिकारको संरक्षण गर्नको लागि विभिन्न समयमा आयोगमा उजुरीहरू दर्ता भएका छन्। आयोगको अनुसन्धानबाट काठमाडौंका महाराजगञ्जस्थित नेपाली सेनाको भैरवनाथ र युद्धभैरव गणबाट बेपत्ता पारिएको भनिएकामध्ये कम्तिमा ४३ व्यक्तिहरूको अवस्था अझै सार्वजनिक हुन सकेको छैन। काठमाडौं महाराजगञ्ज ब्यारेकबाट बेपत्ता पारिएका ४३ जना व्यक्तिको अवस्था पत्ता लगाउनेसम्बन्धी अनुसन्धान कार्य नटुङ्गिएकाले आयोगले निरन्तर प्रयास गरिरहने पनि बताइएको छ। आयोगले २०६४ पुस ६ गतेदेखि शिवपुरी जङ्गल क्षेत्रमा अनुसन्धान सुरु गरेको थियो।

### हालसम्मको अनुसन्धानको आधारमा आयोगको निश्कर्ष

१. भेटिएका अवशेष पुरुष मानवको भन्ने पुष्टि भएकाले प्राप्त अवशेष कसको हो पत्ता लगाउन थप अनुसन्धान गर्नु पर्ने।
२. भैरवनाथ गणबाट बेपत्ता पारिएका ४३ जनामध्ये उपरोक्त अवशेष सम्बन्धित व्यक्तिको भए नभएको सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने।
३. उत्खनन् गर्दा भेटिएका अन्य नमुना वस्तुहरूमा मानव अवशेष नभेटिएको हुँदा उपरोक्त नक्साङ्कन स्थानमा लाशहरू गाडिएको हुन नसक्ने।
४. अनुन्धानबाट भेटिएको पुरुष मानव अवशेषबारे सत्य-तथ्य पत्ता लगाउन थप अनुसन्धान के-कसरी गर्ने भन्ने विषयमा आयोगले राष्ट्रिय, अन्तराष्ट्रिय विशेषज्ञ तथा सरोकारवाला पक्षहरूसँग परामर्श गर्ने।
५. आयोगमा हालसम्म परेका बलपूर्वक बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको उजुरीको विषयमा सत्य-तथ्य पत्ता लगाई दोषीलाई कानुनी कारबाही र पीडित पक्षलाई राहत तथा परिपूरण दिलाउन निरन्तर लागिरहने।

### यसभित्र


१. जोखिम अभिव्यक्ति स्वतन्त्रता २
२. ज्येष्ठ नागरिकलाई मानवअधिकार तालिम २
३. पुस महिनाको मानवअधिकार अवस्था ३
४. पुस महिनामा आयोगका मुख्य निर्णयहरू ६
५. कमलरीप्रथा उन्मूलन गर्न सरकारलाई सिफारिस ८
६. बाढी पीडितको अवस्थाबारे आयोगको अनुगमन ८
७. पत्रकारको सुरक्षामा ध्यान दिन आयोगको आग्रह ९
८. बेपत्तासम्बन्धी विधेयकमा आयोगको सुझाव १०
९. आयोगमा पुस महिनामा परेका उजुरीहरू ११

# राष्ट्रिय मानवअधिकार आयोग

सबैका लागि मर्यादा, समानता र न्याय

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्यय

सदस्य : रामनगीना सिंह

सदस्य : गौरी प्रधान

सदस्य : डा. लीला पाठक

सदस्य : डा. के.बी. रोकाया

सचिव : विशाल खनाल


## मासिक सन्दर्भ

# जोखिममा अभिव्यक्ति स्वतन्त्रता

पुस महिनाको सन्दर्भलाई केलाउँदा अभिव्यक्ति स्वतन्त्रता जोखिममा पर्दैगएको आभाष हुन्छ । पुस ६ गते हिमाल मिडियामा भएको आक्रमणदेखि पुस २७ गते जनकपुरकी पत्रकार उमा सिंहको हत्या भएको घटनासम्म आइपुग्दा अभिव्यक्तिका माध्यमहरूलाई केन्द्रित गरी विभिन्न निहुँ र बहानाबाजी देखाएर आक्रमण र धम्कीका घटनाहरू बढ्दै गएका छन् । विभिन्न सङ्गठनका नाममा कान्तिपुर पब्लिकेसन्स र द हिमालयन टाइम्स, मोफसलका एफएम रेडियोहरूमा पुऱ्याइएका अवरोधका घटनाहरू तथा जिल्लास्थित संवाददातालाई ज्यान मार्ने धम्की दिइएका कुराहरूले लोकतन्त्र बहाली पछिका वर्षहरूमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित हुन नसकेको देखिएको छ । गत वर्ष मारिएका पत्रकार वीरेन्द्र साहको हत्याका दोषीहरू कारबाहीको दायरामा नपर्नु तथा गत वर्षको असारदेखि बेपत्ता पारिएका कञ्चनपुरका पत्रकार प्रकाश ठकुरीको स्थिति सार्वजनिक हुन नसक्दा सञ्चार क्षेत्र पनि नराम्ररी दण्डहीनताको शिकार बन्दै गएको पुष्टि हुन्छ । उल्लिखित दुवै घटनासम्बन्धी अदालतमा चलाइएका मुद्दाहरूलाई सरकारले फिर्ता लिएको अवस्था छ । कैलालीका पत्रकार जगतप्रसाद जोशीको शरीरका अवशेषहरू गत मङ्सिर १३ गते जङ्गलमा फेला परेका छन् । त्यो घटनामा को दोषी थियो, त्यसको अझै पत्तो लाग्न सकेको छैन । तराई क्षेत्रमा पत्रकारको सुरक्षा अवस्था अझ नाजुक बन्दै गएको छ । उनीहरू अपहरण र धम्कीका निशाना बन्दै गएका छन् ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार भनेको अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले समेत प्रत्याभूत गरेको अधिकार हो । राजनीतिक विश्लेषक जोन स्टुअर्ट मिलका अनुसार अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत सूचना र विचारहरू खोज्ने, प्राप्त गर्ने र वितरण गर्ने अधिकार पर्दछन् । यो अधिकारलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा यसरी प्रत्याभूत गरिएको छ- 'प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ । यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मतहरू बनाउने र बिना रोकटोक कुनै पनि सञ्चारमाध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ ।' त्यस्तै राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९, मानवअधिकारसम्बन्धी युरोपेली महासन्धिको धारा १०, मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धिको धारा १३ र मानव तथा जनअधिकार-सम्बन्धी अफ्रिकी बडापत्रको धारा ९ मा समेत नागरिक तथा त्यस देशमा बस्ने अन्य मानिसका अधिकारको अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरेको छ । नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२ (३क), धारा १५ र धारा २७ पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, छापाखाना तथा प्रकाशनसम्बन्धी हक र सूचनाको अधिकारहरू प्रत्याभूत गरिएको छ ।

एकातिर, अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई महत्वपूर्ण मानवअधिकारको रूपमा स्वीकार्दै नेपालले धेरै अन्तर्राष्ट्रिय कानुनहरूमा आफ्नो औपचारिक प्रतिवद्धता जनाइसकेको अवस्था छ भने अर्कातिर नेपालकै संविधान र कानुनहरूमा पनि नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई सीमित पार्ने कुनै गतिविधि नगरिने स्पष्ट पारिएको छ । गत वर्षमात्रै सूचनाको हकसम्बन्धी ऐन र श्रमजीवी पत्रकार ऐन पारित भएका थिए । यति हुँदाहुँदै पनि सञ्चार क्षेत्रमा क्रियाशील पेसाकर्मीहरूको सुरक्षा अवस्था चुनौतीपूर्ण बन्दै जानुले अभिव्यक्ति स्वतन्त्रता जोखिममा पर्दै गएको प्रष्टिन्छ ।

अभिव्यक्ति स्वन्त्रता सम्पूर्ण नेपालीको संविधानप्रदत्त अधिकार भएकाले त्यसको रक्षाका लागि नेपाल पत्रकार महासंघको नेतृत्वमा दबाबमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । नागरिक समाज र गैरसरकारी संस्थाहरूले समेत अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई जोखिमरहित बनाउन दबाब दिइरहेका छन् । सञ्चार स्वतन्त्रताको सवालमा नेपाल सरकारले प्रतिबद्धता जनाउन कन्जुस्याइँ गरेको जस्तो लाग्दैन तर व्यवहारमा त्यो प्रतिवद्धता झल्कन जरुरी छ ।

# ज्येष्ठ नागरिकलाई मानवअधिकार तालिम

विराटनगर/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले सुनसरी जिल्लाको झुम्का गाविसमा ज्येष्ठ नागरिकहरूका लागि दुईदिने आधारभूत मानवअधिकार तालिम सम्पन्न गरेको छ । गत पुस ३ र ४ गते सम्पन्न उक्त तालिम कार्यक्रमको उद्घाटन गर्दै आयोगका सदस्य रामनगीना सिंहले भन्नुभयो 'समाज र राष्ट्रलाई महत्वपूर्ण योगदान दिएका ज्येष्ठ नागरिकहरू समाजबाटै उपेक्षित हुनुपरेको यथार्थ हाम्रो सामु छ । ज्येष्ठ नागरिकका लागि राज्यबाट प्रदान गरिएका सुविधाहरू पनि प्रभावकारी रूपमा लागू हुन सकेका छैनन् । आयोगले २०६१ सालमा नै नेपाल सरकारलाई ज्येष्ठ नागरिकका लागि आवश्यक व्यवस्था मिलाउन सिफारिस गरिसकेको भएता पनि सरकारले ती सिफारिसहरू अझै कार्यान्वयन नगरेको छैन । सिफारिस कार्यान्वयनका लागि नागरिक समाज तथा सरोकारवालाहरूले सरकारलाई दबाब दिनुपर्छ ।' आयोगका सचिव विशाल खनालले ज्येष्ठ नागरिकलाई समाजले सधैं पछ्याउनुपर्नेमा पन्छाउने काम भईरहेको धारणा राख्नुभयो । उहाँले विशिष्ट अनुभव र ज्ञान सँगालेर जीवनको उत्तरार्द्धमा पुगेका ज्येष्ठ नागरिकका अनुभव, सीप र ज्ञानको कदर गर्दै नयाँ पुस्ताले त्यसको सिको गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा ज्येष्ठ नागरिक सञ्जालका छत्र प्रधान, एनजिओ सिसी सुनसरीका पुष्प भट्टराई र ज्येष्ठ नागरिक समाज सुनसरीका सचिव रुद्रप्रसाद पोखेलले समेत ज्येष्ठ नागरिकका विविध पक्षका बारेमा बोल्नु भएको थियो ।



आयोगका सदस्य रामनगिना सिंह, पूर्वाञ्चल क्षेत्रीय कार्यालयका निर्देशक सुवर्णकुमार कर्माचार्य तथा मानवअधिकार अधिकृत बालकृष्ण पोखेलले मानवअधिकार, ज्येष्ठ नागरिकको अधिकार, नेपालमा ज्येष्ठ नागरिकको अवस्था, राष्ट्रिय मानवअधिकार आयोग तथा ज्येष्ठ नागरिकका अधिकार संरक्षणमा राज्यको दायित्व आदिका बारेमा सहजीकरण गर्नुभएको थियो । तालिमको समापनमा आयोगका सदस्य रामनगिना सिंहले तालिममा उठेका विषयहरूलाई गम्भीरतापूर्वक लिई सरकारलाई आवश्यक कानुन बनाउन आयोगले सिफारिस गर्ने बताउनु भयो । सहभागीहरूका तर्फबाट राधा घिमिरे र शंकरलाल चौधरीले ज्येष्ठ नागरिकका अधिकारसम्बन्धी यो तालिम ज्यादै उपयोगी भएको धारणा राख्नुभयो ।

# पुस महिना मानवअधिकार अवस्था

### शान्तिसुरक्षा

पुस महिनामा सरकारले तराईमा आन्दोलनरत सशस्त्र समूहसँग वार्ता सुरु गरी ती समूहहरूले पनि युद्धविरामको घोषणा गरेका कारण तराईमा शान्ति स्थापना हुने तथा आपराधिक घटनाहरूमा कमी आउने आशा पलाएको थियो । तर यो महिना शान्ति सुरक्षाको अवस्था फितलो रह्यो । खासगरी मध्य तराईका विभिन्न जिल्लाहरूमा बढ्दै गएको अवैध हातहतियारको प्रयोगले त्यस क्षेत्रको शान्ति सुरक्षाको अवस्था दयनीय बन्दै गएको भन्दै विभिन्न सङ्घसंस्थाले चिन्ता प्रकट गरे । पुस ६ गते नेपाल सद्भावना पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टीको नेपालगञ्जस्थित कार्यालयमा अज्ञात समूहले बम विस्फोट गरायो । पुस १२ गते त्रिभुवन विमानस्थलको मूलद्वार नजिक, १३ गते दरबार हाईस्कूल गेट बाहिर र पुस १७ गते सुन्धारा गोश्वारा हुलाक अगाडि बम विष्फोटका घटनाहरू भए । यस्तै सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवामा पुस १४ गते भएको बम विष्फोटबाट पाँच बालबालिकाहरू घाईते भए । वीरगञ्जको घण्टाघर, बाराको पसाहा खोला छेउ, जितपुर र कलैयामा समेत बम विष्फोटका घटनाहरू भए । बारा जिल्लाको पन्नादेवी कन्या विद्यालयकी प्रधानाध्यापक निर्मला थचुनेखु माथि तराइ कोब्रा नामक समूहका कार्यकर्ताले गोली प्रहार गरी घाईते बनाए । सप्तरीको छिन्नमस्ता गाविस-२ का मञ्जित सिहलाई सशस्त्र समूहले पुस ११ गते अपहरण गरे, उनको स्थिति हालसम्म पनि अज्ञात छ । किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताले पुस ४ गते खोटाङका प्रत्येक गाविस सचिवहरूलाई दुईलाख रुपैया नदिए भौतिक कारबाही गर्ने धम्की दिएको समाचार प्रकाशमा आएको थियो । त्यस्तै विभिन्न सशस्त्र समूहको धम्कीका कारण सुनसरीका छ परिवार पुस १५ गतेदेखि विस्थापित भएर ईनरुवामा बसोबास गरिरहेको जानकारी आयोगले प्राप्त गरेको छ ।

### बलपूर्वक बेपत्ता

सशस्त्र द्वन्द्वको अवधिमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी काठमाडौंको शिवपुरी जङ्गलमा पुऱ्याई हत्या गरिएको आशङ्का गरिएका व्यक्तिहरूको सम्बन्धमा आयोगले गरिरहेको अनुसन्धानको वैज्ञानिक परीक्षण प्रतिवेदन सार्वजनिक गरियो । यस प्रतिवेदनका अनुसार सङ्कलित नमुनाबाट शिवपुरी जङ्गलको आशङ्कित क्षेत्रमा कम्तीमा एकजना पुरुषलाई जलाएको पुष्टि भयो । अनुसन्धानको क्रममा नमुना सङ्कलन गरी परीक्षणको लागि फिनल्यान्डको अत्याधुनिक प्रयोगशालामा पठाईएको थियो । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयले सशस्त्र द्वन्द्वको अवधिमा बर्दिया जिल्लामा सुरक्षाकर्मीबाट १ सय ५६ जना र नेकपा (माओवादी) बाट १४ जना बेपत्ता पारेको प्रतिवेदन सार्वजनिक गऱ्यो, जसमा बेपत्ता मध्येका १२ जनाको हत्या भइसकेको जनाइएको छ । बाँके जिल्ला बेतहनी गाविस-९ बस्ने वाईदा खातुनलाई बाबरी आँन भन्ने नेकपा (माओवादी) का कार्यकर्ता सहितका १५/१६ जनाको समूहमा आएको व्यक्तिहरूले पुस २८ गते बिहान अपहरण गरी अझसम्म अज्ञात अवस्थामा राखेका छन् । विभिन्न अवधिमा बेपत्ता पारिएको भनी पुस महिनामा यस कार्यालयमा सात उजुरी दर्ता भएका थिए । आयोगको यस कार्यालयमा रहेका बेपत्तासम्बन्धी १८ उजुरीहरूको अनुसन्धान पूरा भएको छ । यो महिनामा पहिल्यै अनुसन्धान सम्पन्न भई निर्णयको लागि तयार भएका ३१ ओटा उजुरीहरूमा निर्णय भयो ।

### हत्या

आयोगको सुरक्षा ईकाइबाट प्राप्त तथ्य अनुसार यो महिनामा कम्तीमा १८ जना व्यक्तिको विभिन्न पक्ष र समूहबाट हत्या भएको छ ।



**२०५५ सालमा जाजरकोट जिल्लाको दह गाविसमा सुरक्षाकर्मीले जन्तीहरूको सामूहिक हत्या गरेकोसम्बन्धी घटनाको अनुसन्धान गर्दै आयोगको मध्यपश्चिमाञ्चल कार्यालय, नेपालगञ्जको टोली ।**

नियमित अनुगमनमा प्रशासनिक लापरबाहीका कारण पुस २० गते सप्तकोशी नदीमा डुङ्गा दुर्घटना हुँदा ६ जनाको मृत्यु भयो भने २ जना अझै बेपत्ता छन् । सिरहा जिल्ला गोविन्दपुर गाविस-९ का इन्दलकुमार महतो (वर्ष १९) लाई त्यसै जिल्लाको चन्द्रअयोध्यापुर गाविस-८ स्थित पानबारी भन्ने ठाँउमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरी हत्या गरिएको भनी आयोगमा उजुरी परेको छ । यस घटनामा आयोगको अनुसन्धान जारी छ । पुस ९ गते सप्तरीको भगवतपुरका रामचन्द्र मण्डललाई मधेसी मुक्ति टाईगर्सका कार्यकर्ताहरूले गोली हानी हत्या गरे । पुस १६ गते सप्तरीकै राजविराजस्थित कोचावाखरीमा प्रहरी र सशस्त्र समूहबीच भीडन्तमा मधेस राष्ट्रिय जनतान्त्रिक पार्टीकाका लक्ष्मण मुखिया र ओमप्रकाश मालीको मृत्यु भयो । यो महिना मारिएका व्यक्तिहरू विवरण निम्न अनुसार दिइएको छ :

### यातना

यो महिनामा यातनाका घटनाहरू खासै सार्वजनिक भएनन् । बालबालिका माथि शारीरिक सजाय दिई यातना दिएको भनी आयोगमा ६ उजुरीहरू दर्ता भए । त्यस्तै नेकपा (माओवादी) बाट कुटपीट गरेको भनी तीनओटा उजुरी दर्ता भएको छ । पुस १४ गते गाग्री चोरेको आरोपमा सुर्खेत जिल्ला उत्तरगंगा गाविस-७, तातोपानीका गोपाल मल्ल (वर्ष १२) तथा अमर विक (वर्ष १३) लाई स्थानीय वासिन्दाले कालो मोसो दली चार पाटा मुढेर प्रहरीमा बुझाएको तथा निजहरूलाई प्रहरीले समेत चरम यातना दिएको सञ्चार अनुगमनको क्रममा पाइएको छ ।

### विस्थापित

सशस्त्र द्वन्द्वको अवधिमा विस्थापित भएका व्यक्तिहरूको सङ्गठन माओवादी पीडित सङ्घले आफूहरूले घर फर्कन पाउनु पर्ने तथा द्वन्द्वको अवधिमा कब्जा भएको सम्पति फिर्ता पाउनु पर्ने माग गर्दै आयोगको कार्यालयमा मङ्सिर ३० गते तालाबन्दी गरे । यसै महिनामा सशस्त्र द्वन्द्वको अवधिमा कब्जा गरिएका सम्पति फिर्ता गर्ने सम्बन्धमा नेपाली काँग्रेस र नेपाल सरकारबीच एक सहमति समेत सम्पन्न भयो । यो सहमतिमा सशस्त्र द्वन्द्वको अवधिमा नेकपा (माओवादी) ले कब्जामा लिएका निजी तथा सार्वजनिक सम्पतिहरू तीन महिनाभित्रमा फिर्ता गर्ने

उल्लेख छ। यसैबीच सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वको अवधिमा कब्जामा लिएको सम्पति तीन महिनाभित्र फिर्ता गर्न नेपाल सरकार, व्यवस्थापिका संसद र नेकपा (माओवादी) का नाउँमा पुस २३ गते परमादेश जारी गर्‍यो। यो आदेशमा जिल्लाका कानुन कार्यान्वयन अधिकारी, राजनीतिक दलका प्रतिनिधि र पीडित सम्मिलित विशेष संयन्त्र निर्माण गरी कब्जा गरिएका सम्पति तीन महिनाभित्र फिर्ता गर्न भनिएको छ।

## आवतजावत

विभिन्न समूहद्वारा गरिने बन्द र हड्तालको शृङ्खलाले यो महिना पनि नागरिकको आवागमनको अधिकार प्रभावित रह्यो। मालपोत कार्यालय सिरहाका अधिकृत मदनकुमार झालाई वाईसीएल कार्यकर्ताले दुर्व्यवहार गरेको घटनाको विरोधमा निजामती कर्मचारीले पुस २ र ३ गते सिरहाका सबै सरकारी कार्यालयहरू बन्द गरे। खच्चड व्यवसायी माथि दुर्व्यवहार भएको भन्दै खोटाङका खच्चड व्यवसायीहरूले पुस ४ गते खोटाङ बजार बन्द गरे। नेपाल विद्यार्थी संघ र अनेरास्ववियुबीच पुस ६ गते भएको झडपका कारण काठमाडौंको चाबहिलमा चक्काजाम भयो। त्यस्तै रौतहट जिल्लाको चन्द्रनिगाहपुर-गौर खण्डको सडक मर्मत् नभएको भन्दै तराई ईन्टरनेसनल नामक समूहले उक्त सडक अनिश्चित कालका लागि बन्द गर्‍यो। प्रदूषित पानीको कारण दुईजनाको मृत्यु भएको घटनालाई लिएर क्षतिपूर्ति माग गर्दै स्थानीयवासीले पुस ७ गते ईलाम बजार बन्द गरे। पल्लो किराँत लिम्बुवान् मुक्ति मोर्चाले पुस ७ गते मेची बन्दको आह्वान गरेकाले उक्त दिन त्यस क्षेत्रको जीवन कष्टकर बन्यो । यसैगरी मङ्गोल नेसनल अर्गनाइजेसनले पुस १४ गतेदेखि र पल्लोकिराँत राष्ट्रिय मञ्चद्वारा पुस १६ गतेदेखि अनिश्चितकालीन मेची बन्दको घोषणा गरे। तर, दमक महोत्सवलाई सफल बनाउन पुस १८ गतेदेखि ती बन्दहरू फिर्ता भए। मोरङ तथा सुनसरीका जुटमिलका मजदुरहरूले पुस १४ देखि विभिन्न माग राखी आन्दोलन, धर्ना र यातायात बन्द गरे। तर पुस २० गतेबाट अनिश्चितकालीन आमहड्तालको घोषणा गरे जुन पुस मसान्तसम्म कायमै रहेकाले विराटनगर-ईटहरी क्षेत्रमा बजार तथा यातायात बन्द रह्यो। यसले त्यस क्षेत्रको जनजीवन अति कष्टकर बन्न पुग्यो।

## वैदेशिक रोजगार

कुवेतको अदालतबाट मृत्युदण्ड सुनाईएकी नेपाली महिला डोल्मा शेर्पा मृत्युदण्डबाट मुक्त भएको जानकारी प्राप्त भयो। उनलाई एक फिलिपिनो कामदारको हत्या गरेको आरोपमा मृत्युदण्डको सजाय सुनाइएको थियो। तर पीडित परिवारले डोल्माको तर्फबाट उपलब्ध गराइएको १० हजार अमेरिकी डलर बुझेपछि डिसेम्बर २३, २००८ को अदालतकै निर्णयले उनी फाँसीमुक्त भईन्। भारतीय बाटो हुँदै वैदेशिक रोजगारीको लागि हिंडेका ५१८ जना नेपाली महिला कामदार भारतको नयाँदिल्लीको तिहाड कारागारमा रहेका भनी विभिन्न पत्रपत्रिकामा समाचारहरू प्रकाशित भए। उनीहरूको उद्धारको लागि नेपाल सरकारले पहल सुरु गरेको जानकारी आयोगले प्राप्त गरेको छ। यसैबीच वैदेशिक रोजगारीको लागि विदेशमा रहेका नेपाली महिला कामदारहरूको अवस्थाको नियमित अनुगमन गर्न सर्वोच्च अदालतले पुस २ गते सरकारको नाममा परमादेश जारी गर्‍यो। तर वैदेशिक रोजगारीको लागि विदेश पुगेका नेपाली नागरिकहरू असुरक्षित भएका समाचार तथा जानकारीहरू आयोगमा प्राप्त भइरहेका छन्। यसअनुसार कतारमा पुर्‍याईएका सिन्धुपाल्चोकका सुकुटे तामाङ, रामेछापका कमलबहादुर मगर र मेघबहादुर तामाङ तथा नुवाकोटका शक्ति तामाङ, बाग्लुङका गङ्गाबहादुर मगर र लिले बिक तथा रोजगारीको लागि कतारको दोहा पुर्‍याईएका १६ जना युवाहरू तोकिएको कम्पनी र काम नभेटेकाले चार महिनादेखि अलपत्र परे। कतारको दोहास्थित नेपाली पत्रकार देवेन्द्र भट्टराईका अनुसार खाडी मुलुकहरू कतार, संयुक्त अरब, साउदी अरेबिया सहितका मुलुकमा सन् २००८ को एक वर्षको अवधिमा मात्रै ५ सय भन्दा बढी नेपाली कामदारको मृत्यु भयो।

## पुस महिनामा विभिन्न पक्षबाट भएको हत्याको विवरण

| क्र.सं. | मृतकको नाम | संलग्नता | घटनास्थल | मिति | आरोपित पक्ष |
|---|---|---|---|---|---|
| १ | १३ वर्षीय बालक | स्थानीय व्यक्ति | तेह्रथुम | पुस १ | स्थानीय गाउँले |
| २ | रविनकुमार चौधरी | स्थानीयवासिन्दा | सुनसरी, जनतावस्ती | पुस ३ | अज्ञात समूह |
| ३ | रामा शाह (रामा) | नेकपा (एमाले) को कार्यकर्ता | धवौली गाविस- ८ धनुषा | पुस ३ | जतमुमो (ज्वाला सिंह) |
| ४ | मङ्गल मर्जन | नेपाल प्रहरी | महावीर चोक, जनकपुर | पुस ३ | जतमुमो (राजन) |
| ५ | इन्द्रकुमार महतो | स्थानीयवासी | सिरहा, गोविन्दपुर गाविस-९ | पुस ४ | सुरक्षाकर्मी |
| ६ | प्रकाश रिसाल | --- | साहेवगञ्ज गाविस-९, सर्लाही | पुस ४ | अज्ञात समूह |
| ७ | नाम नखुलेको | तराई कन्ट्रोल आर्मीको कार्यकर्ता | ब्रम्हपुरा, जनकपुर | पुस ५ | प्रहरी |
| ८ | नाम नखुलेको | तराई कन्ट्रोल आर्मीको कार्यकर्ता | ब्रम्हपुरा, जनकपुर | पुस ५ | प्रहरी |
| ९ | राजेश केयाल | व्यापारी | वीरगञ्ज, पर्सा | पुस ७ | अज्ञात समूह |
| १० | रामचन्द्र मण्डल | | सप्तरी, भगवतपुर | पुस ९ | मधेसी मुक्ति टाइगर्स |
| ११ | सम्मान कटुवाल | बालक | कपन, काठमाडौं | पुस १० | अज्ञात समूह |
| १२ | लक्ष्मण मुखिया र ओमप्रकास माली | राष्ट्रिय जनतान्त्रिक पार्टी | सप्तरीको कोचावाखरी | पुस १६ | सुरक्षाकर्मीसँगको भीडन्त |
| १३ | विगन महतो | --- | गढैया गाविस- २, सर्लाही | पुस २० | अज्ञात समूह |
| १४ | गणेश लाल | सुरक्षागार्ड | सिन्धुलीमाढी, सिन्धुली | पुस २० | लुटेरा समूह |
| १५ | भवनाथ पुडासैनी | मजदुर | बारा | पुस २४ | जतमुमो (ज्वालासिंह) |
| १६ | पच्चु हजरीया | --- | रघुनाथपुर गाविस- ६ रौतहट | पुस २७ | अज्ञात समूह |
| १७ | उमा सिंह | पत्रकार | जनकपुर | पुस २७ | अज्ञात |
| १८ | सन्तोषप्रसाद पट्टेल | --- | रामगढवा गाविस, पर्सा | दिन नखुलेको | अज्ञात समूह |

### बालअधिकार

यस महिनामा प्रधानमन्त्रीले माओवादी शिविरमा रहेका बालबालिकाको चाँडै पुनःस्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे । जनकपुर नगरपालिका-१६ कपिलेश्वरकी सात वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले आरोपित भिजन राजवंशीलाई व्यक्तिलाई पक्राउ गऱ्यो । दोलखा जिल्लाको बाबरे गाविसका खड्गबहादुर खत्रीले स्थानीय १५ वर्षीय बालक धुव खतिवडालाई तीन वर्षअघि आफ्नी छोरीहरूलाई माटोको सिन्दुर लगाई दिएको भन्दै यातना दिए । बालमजदुर सरोकार केन्द्र (सिबिन) ले देशभरिमा करिब ५ हजार सडक बालबालिका भएका र तीमध्ये करिब ९० प्रतिशत गम सुँघ्ने दुर्व्यसनीमा लागेका तथ्य सार्वजनिक गऱ्यो । सुर्खेत जिल्ला लेखपराजुल गाविस-८ बस्ने सपना बुढा (वर्ष १४) लाई जबरजस्ती बिवाह गराइदिएको र एक महिनामै सम्बन्ध विच्छेद भएको घटना सार्वजनिक भयो ।

### सूचना सञ्चार तथा छापाखाना

सूचना, सञ्चार तथा छापाखानाको अधिकारको उपभोग यो महिनामा सबै सञ्चारकर्मी तथा सञ्चारगृहहरूले स्वतन्त्र रुपमा गर्न पाएनन् । व्यवस्थापन र मजदूरको विवादको विषयलाई लिएर हिमाल खबर पत्रिकाको कार्यालयमा नेकपा (माओवादी) सम्बद्ध केही व्यक्तिले पुस ६ गते आक्रमण गरे । त्यसै संस्थामा कार्यरत असन्तुष्ट पूर्वकर्मचारी संलग्न भएको यो घटनामा व्यस्थापन पक्षका केही व्यक्तिहरू घाईते भए । त्यस्तै पुस २७ गते बेलुका जनकपुरमा कार्यरत रेडियो पत्रकार उमा सिंहलाई केही अज्ञात व्यक्तिहरूले अन्दाधुन्द धारिलो हतियार प्रहार गरी हत्या गरे । यो घटनापछि पत्रकारको सुरक्षा नभएको भनी नेपाल पत्रकार महासङ्घले राष्ट्रव्यापी आन्दोलन सञ्चालन गऱ्यो । अखिल नेपाल छापाखाना मजदुर सङ्घले कान्तिपुर पब्लिकेसन्सको पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा धर्ना तथा प्रकाशनमा अवरोध सिर्जना गरेका कारण पाँच दिनसम्म कान्तिपुर र द काठमान्डु पोस्टको पूर्वाञ्चल संस्करण बन्द भए ।

### महिलाअधिकार

यस महिनामा महिला हिंसा र हत्याका घटनाहरू कायमै रहे । महोत्तरी जिल्लाको बथनाहा गाविस-२ का लडलुल भनिने हरिनन्दन रायले आफ्नै श्रीमती पनिता देवीको हत्या गरे । यस्तै रामेछाप जिल्ला डडुवा गाविस-६ का प्रेमबहादुर विकले त्यसै जिल्लाकी १७ वर्षीया एक युवतीलाई अपहरण गरी जबर्जस्ती श्रीमती बनाउने भन्दै मङ्सिर २८ गते बलात्कार गरे । पीडित पक्षले अभियुक्तलाई पक्राउ गरी कानुनी कारबाही गर्न जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको छ । आफ्नै श्रीमतीलाई बेचेको आरोपमा चितवन जिल्ला पटिहानी गाविस-८ निवासी विश्वराज सापकोटा पक्राउ परे ।

### दण्डहीनता

राष्ट्रिय मानवअधिकार आयोगले दण्डीनताको विरुद्धमा पुन गम्भीर चासो व्यक्त गऱ्यो, खासगरी गम्भीर प्रकृतिको फौजदारी मुद्दा फिर्ता लिने सरकारको निर्णयमा आयोगको चासो केन्द्रित थियो । त्यसैगरी आरोपित व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्ने कार्यमा राज्य संयन्त्रलाई सहयोग गर्नुको साटो राजनीतिक दलले आफ्ना कार्यकर्ता भएको बहानामा आपराधिक गतिविधिमा संलग्न व्यक्तिलाई संरक्षण दिएको कुरामा र विभिन्न अभियोगमा अनुसन्धानको दायरामा रहेका सुरक्षाकर्मीलाई सरकारले कारबाही गर्नुको साटो बढुवा गरेकोमा आयोगले ध्यानाकर्षण भएको जनाएको थियो । उदाहरणका लागि सरकारले मुद्दा फिर्ता लिने क्रममा रौतहट जिल्ला अदालतमा दायर भएको बलात्कारको मुद्दा समेत फिर्ता लिएको पाईयो । त्यस्तै, बारा जिल्लाको निर्वाचन क्षेत्र नं. १ का सभासद् सरोज यादवको घरबाट भारतीय अपराधी पंकज जैसवाल र सुरेश साह 'तत्वा' पक्राउ पर्नुले दण्डहीनताको संरक्षण अधिकारप्राप्त व्यक्ति र अख्तियारप्राप्त संयन्त्रबाट हुने गरेको तथ्य स्पष्ट हुन्छ । सभासद्को घरबाट अपराधी पक्राउ परेका सम्बन्धमा सम्बन्धित सभासद्सँग राज्यका कुनैपनि सम्बन्धित निकायहरूले छानबीन कार्य अघि बढाएनन् । यो महिनामा सशस्त्र द्वन्द्व-पीडित व्यक्तिहरूको सरोकारलाई राज्यले सम्बोधन नगरेको भन्दै कपिलवस्तु जिल्लाका द्वन्द्व-पीडितहरूले पुस १६ गते आयोगको ध्यानाकर्षण गराए । द्वन्द्वबाट पीडित भए पनि राज्यबाट उचित राहत र न्याय नपाएको गुनासो उनीहरूको छ । उनीहरूले स्वास्थोपचार, द्वन्द्व-पीडित बालबालिकाका लागि निःशुल्क शिक्षाको व्यवस्था गर्नका लागि समेत पहल गरिदिन आयोगसँग आग्रह गरेका छन् ।

### न्याय प्रशासन

अपराधमा संलग्न व्यक्तिलाई पक्राउ नगर्नु र पक्राउ गरे पनि कानुनी प्रक्रियामा ल्याउन ढिला गर्नु जस्ता कार्यले प्रहरी प्रशासनको काम कारबाही चुस्त र दुरुस्त हुन नसकेको गुनासो बढ्दै गएको छ । यसबाट सामाजिक सुरक्षा तथा स्वतन्त्र रूपमा बाँच्न पाउने नागरिकको अधिकारलाई राज्यले संरक्षण गर्न सकेको छैन भन्ने ठहर्छ । प्रहरी प्रशासनले जाहेरी लिन नमान्ने, जाहेरी लिन ढिलाई गर्ने र लिएपनि अनुसन्धान कार्यलाई अघि नबढाउने स्वभाव देखिएको छ । अर्कोतिर प्रहरीले नियन्त्रणमा लिएका अभियुक्तहरूलाई अनुसन्धानकै क्रममा विभिन्न राजनीतिक पार्टीको दबाबमा छुटाउने पहल भएको पाइएको छ । यस महिनामा काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकाका दलितहरूलाई त्यहाँका ऐतिहासिक र धार्मिक स्थानहरूको प्रवेशमा निषेध गरेको समाचार सार्वजनिक भयो । यो सभाचारसँगै राष्ट्रिय दलित आयोगले प्रधानमन्त्रीलाई भेटी छुवाछुत विरुद्धको ऐन पारित गर्न मागपत्र बुझाएको छ ।

## सुकुम्वासी समस्या समाधान गर्न आग्रह

ललितपुर/ नेपाल सरकारद्वारा हालै गठित वैज्ञनिक भूमिसुधार आयोगमा आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व हुनुपर्ने माग गर्दै नेपाल बस्ती संरक्षण समाजबाट गरिएको आन्दोलन र यसबारे सम्बन्धित संस्थाले दिएको ज्ञापनपत्रबाट राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ । वैज्ञनिक भूमिसुधार आयोगमा आफ्नो संस्थाको प्रतिनिधित्वको माग गर्दै बुटवलमा पुस २५ गते भएको प्रदर्शनमा एकजनाको मृत्यु भएकोमा आयोग दुःख व्यक्त गर्दछ । भूमिहीन सुकुम्वासी र पीडित पक्षहरूको मागलाई ध्यानमा राखी आयोगले भूमिहीन सुकुम्वासी समेतको प्रतिनिधित्व गराई उच्चस्तरीय आयोग बनाउन २०६५ मङ्सिर १५ गते नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । वास्तविक सुकुम्वासी तथा घरबार बिहीनहरूको उचित मागलाई सम्बोधन गरी संवाद मार्फत् समस्या समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

## विस्थापित व्यक्तिसम्बन्धी कार्यशाला सम्पन्न

धनगढी/ अयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ मा छलफल गर्ने उद्देश्यले एकदिने कार्यशाला सम्पन्न गरेको छ । गत पुस ११ गते सम्पन्न उक्त कार्यशालाको मुख्य उद्देश्य विगतको द्वन्द्वका कारण विस्थपित हुनेहरूको वर्तमान अवस्था, उनीहरूले भोग्नु परेको समस्या र तिनको निराकरणका सम्बन्धमा सरोकारवालाहरूबीच अनुभव आदानप्रदान गर्नु थियो । त्यस्तै, विस्थापितहरूका लागि घरफिर्ती, पुनर्स्थापना र पुनःएकीकरणका लागि विस्थापितसम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनको अवस्थाबारे जानकारी र सरोकारवालाबीच समन्वय बढाउनु पनि कार्यशालाको उद्देश्य थियो । यो कार्यशालामा आन्तरिक विस्थापित व्यक्तिहरूका लागि कार्य गरिरहेका गैरसरकारी संस्था, प्रतिनिधिहरू, राजनीतिक दल, सञ्चारकर्मी, पीडित व्यक्तिहरू, सरकारी निकायका प्रतिनिधिहरू उपस्थित थिए ।

# पुस महिनामा आयोगका मुख्य निर्णयहरू

**राष्ट्रिय मानवअधिकार आयोगको पुस महिनाको विभिन्न मितिमा बैठकले पारित गरेका केही प्रमुख निर्णयहरूको सङ्क्षेप**

| उजुरी नं. | घटना विवरण | आयोगको निर्णय |
|---|---|---|
| ११६७ | जिल्ला बाँके नेपालगञ्ज नगरपालिकामा २०६३ पुस ११ गते भएको साम्प्रादायिक दंगामा प्रहरीले चलाएको गोलीबाट सोही जिल्ला भवानीपुर गाविस घर भई नेपालगञ्ज-११ बस्ने कमल गिरीको मृत्यु भएको । | मानव अधिकारको उल्लङ्घन गरी प्रहरीले चलाएको गोली लागि कमल गिरीको मृत्यु भएको देखिएकाले आश्रित पीडित परिवारको भरणपोषणको लागि मानवअधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु तीन लाख रुपैंया क्षतिपूर्ति उपलब्ध गराउन र गोली प्रहार गर्ने व्यक्तिको पहिचान गरी निज माथि कानुन बमोजिम फौजदारी अभियोगमा कारबाही गर्न समेत नेपाल सरकारलाई सिफारिस गर्ने । |
| २५७२ | जिल्ला रुपन्देही दुधराक्ष गाविस-९ वासगढी निवासी गोपाल रिजाललाई २०६० मङ्सिर २५ गते बिहान ९ बजे वासँगढी चोकमा सुरक्षाकर्मीले गोली हानी मारेको । | निज गोपाल रिजालसहित अन्य तीनजना अपरिचित व्यक्तिलाई आफ्नो कब्जामा लिई मारेको घटनामा मानवअधिकारको उल्लङ्घन भएको पाइएकाले घटनामा संलग्न सेनानी विनोद निरौलालाई बयानका लागि आयोगमा उपस्थित गराउने । मानव अधिकारको उल्लङ्घन भई पीडित परिवारको भरणपोषणका लागि आयोगको नियमावली २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति निर्धारण गरी उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| २५७३ | जिल्ला रूपन्देही दुधराक्ष गाविस-९ बस्ने टोपबहादुर श्रेष्ठलाई २०५८ असार २६ गते नेकपा (माओवादी) का कार्यकर्ताले कब्जामा लिई हत्या गरेको । | नेकपा (माओवादी) का कार्यकर्ताबाट निज श्रेष्ठलाई कब्जामा लिई चरम यातना दिई हत्या गरेको, यो कार्य मानवअधिकारको उल्लङ्घन र जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरित भएको पाइएकोले हत्यामा संलग्न रहेको व्यक्तिको पहिचान गरी फौजदारी अभियोगमा कारवाही गर्न र पीडित परिवारको भरणपोषणका लागि रु तीनलाख क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सिफारिस गर्ने । साथै मृतकका बालबच्चाको नि:शुल्क शिक्षाको प्रबन्ध मिलाउन समेत लेखी पठाउने । |
| ४०१, ४३६ | तनहुँ जिल्ला व्यास नगरपालिका-३ बस्ने भरत भनिने श्यामसुन्दर कैनी र सोही स्थान बस्ने डोरबहादुर भनिने गंगाबहादुर नेपालीलाई २०५९ वैसाख १६ गते सुरक्षाकर्मीले घरबाट पक्राउ गरी तनहुँ जिल्लाको घाँसीकुवा गाविस-८ वाङ्गेसिमल भन्ने ठाउँमा लगी गोली प्रहार गरी मारेको । | तत्कालीन शाही नेपाली सेना दमौली व्यारेकबाट खटिएको टोलीबाट घटना भएको देखिदा निजलाई बयानका लागि आयोगमा १५ दिनभित्र उपस्थित गराईदिन लेखी पठाउने र मृतकहरूका आश्रितलाई भरणपोषणका लागि रु तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४१५ | जिल्ला कास्की सैमराङ्ग गाविस-६ बस्ने राम तामाङलाई २०५९ जेठ २३ गते बिहान ८ बजे तत्कालीन शाही नेपाली सेनाअन्तर्गत खटिएका सुरक्षाकर्मीले बोलाउँदा डराएर भाग्न लाग्दा सुरक्षाकर्मीको गोली प्रहारबाट निजको मृत्यु भएको । | सुरक्षाकर्मीले कब्जामा लिन सक्ने अवस्था भएता पनि अधिक शक्तिको प्रयोग गरी निजको मृत्यु हुन गएको, सेनाले हानेको गोलीबाट एक-एक ओटा गोरु र भैसी समेतको मृत्यु भएको पाइएकाले मृतकको आश्रित परिवारको भरणपोषणका लागि रु तीनलाख र भैसी र गोरुको क्षतिपूर्ति रु बीस हजार उपलब्ध गराउन सरकारलाई लेखी पठाउने, र घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४१० | जिल्ला पाल्पा खालीवन गाविस-५ साठीपाइला बस्ने गोपीसर रानाको छोरा ऐतुराम राना (वर्ष ८) को २०६० माघ २८ गते बेवारिसे बम विष्फोटन हुन गई मृत्यु भएको । | द्वन्द्वको समयमा द्वन्द्वरत पक्ष नेकपा (माओवादी) ले बेवारिसे अवस्थामा छाडेको विष्फोटक पदार्थ विष्फोट भई निज ऐतुराम रानाको मृत्यु हुन गएकोले पीडित परिवारको भरणपोषणको लागि रु तीनलाख क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेहरू केशकुमारी राना, निलबहादुर राना र भुमबहादुर डिसुवाको नि:शुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । |

| उजुरी नं. | घटना विवरण | आयोगको निर्णय |
|---|---|---|
| ३७८७ | सिन्धुली जिल्ला घर भएका सुकदेव वाइवालाई २०६२ चैत २९ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । | घटनाका साक्षी बनेका जीतबहादुर वाइवा (सिन्धुली नेत्रकाली गाविस-१) र गणेश वाइवा (काठमाडौं जिल्ला अमले गाविस) ले आयोगको टोलीसमक्ष आफूहरूले नै निजको लाश २०६२ चैत ३० गते खोलामा लगी गाडेको भन्ने बयान दिएकाले यो आपराधिक प्रकृतिको घटना भएकाले कानुन बमोजिम कारबाही अघि बढाउन सरकारलाई सिफारिस गर्ने । |
| ७३७ | काठमाडौं जिल्ला नैकाप गाविस-७ पुल्डोल बस्ने श्याम भट्टलाई नेकपा (माओवादी) का कार्यकर्ताले २०५८ असोज १८ गते बिहान ७ बजे पुरानो नैकाप किटीनी भञ्ज्याङबाट अपहरण गरी बेपत्ता पारेको र हालसम्म स्थिति सार्वजनिक नगरेको । | यो घटना जेनेभा महासन्धिको साझा धारा ३ विपरित भएको र मानवअधिकारको समेत गम्भीर उल्लङ्घन भएकाले पीडित परिवारलाई राहत स्वरूप रु एक लाख उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने र निजको अवस्था सार्वजनिक नभएकाले अनुसन्धान जारी राख्ने । |
| ४२६३ | जिल्ला बारा रतनपुरी गाविस स्थायी घर भई सशस्त्र प्रहरी बल भद्रकाली गण पिलुवा बारामा कार्यरत प्रहरी जवान धनबहादुर थापालाई २०६० साउन ३१ गते नेकपा ( माओवादी) का कार्यकर्ताले सोही जिल्लाको सिगौल गाविसबाट कब्जामा लिई अपहरण गरेको र हालसम्म निजको अवस्था सार्वजनिक नभएको । | निजलाई सुराकीको आशंकामा हत्या गरेको भनी नेकपा (माओवादी) ले दाबी गरेको भए पनि लाश फेला नपरेकाले निज प्रहरी जवानको अवस्था सार्वजनिक नभएसम्म अनुसन्धान जारी पीडित परिवारलाई अन्तरिम राहत स्वरूप रु एकलाख उपलब्ध गराउन सरकारलाई लेखी पठाउने । |
| ५६६ | जिल्ला चितवन बस्ने डम्बरबहादुर गुरुङलाई सोही जिल्ला शारदानगर गाविस-९ स्थित चण्डी भञ्ज्याङमा नेकपा (माओवादी) को कार्यक्रम भईरहेका बेला नेपाली सेनाले २०५९ कार्तिक २५ गते घेरा हाली कब्जामा लिएको भनी आयोगमा उजुरी पर्न आएको । | सुरक्षाकर्मीले कब्जामा लिन सक्ने अवस्था छँदाछँदै अत्यधिक शक्तिको प्रयोग गरी मानवअधिकारको उल्लङ्घन भएको आयोगको अनुसन्धानबाट देखिंदा दोषीको पहिचान गरी कारबाही गर्न र पीडित परिवारको भरणपोषणका लागि रु. तीनलाख आयोगको नियमावली २०५७ को नियम १७ बमोजिम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |

**निम्न उजुरीहरूमा "बेपत्ता भएका व्यक्तिको स्थिति सार्वजनिक गर्न अनुसन्धान जारी राख्ने र अन्तरिम राहत स्वरुप रु १,००,००० एकलाख पीडितको परिवारलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय" भएको छ ।**

| | |
|---|---|
| ६८० | जिल्ला ललितपुर छम्पी गाविस-४ बस्ने गोपाल नगरकोटीलाई २०५८ पुस १९ गते सोही जिल्ला कुसुन्तीबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएको । |
| ६६० | जिल्ला चितवन मंगलपुर गाविस-४ बस्ने राजन न्यौपानेलाई २०५९ माघ ५ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| ३८८ | जिल्ला चितवन गीतानगर गाविस-३ बस्ने दण्डपाणी न्यौपानेलाई सुरक्षाकर्मीले २०५६ जेठ ७ गते पक्राउ गरी बेपत्ता पारेको । |
| १८४८ | जिल्ला धादिङ जीवनपुर गाविस-९ बस्ने राजकुमार मानन्धरलाई मिति २०६१ असार ४ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| २०८९ | जिल्ला धादिङ थाके-९ बस्ने हरिशरण थापालाई मिति २०६१ फागुन १६ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| २१५१ | जिल्ला धादिङ नौबिसे गाविस-२ बस्ने हरिप्रसाद लुईटेललाई सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| १९२१ | जिल्ला काभ्रेपलाञ्चोक होक्से गाविस-५ बस्ने पाल्छाङ लामालाई मिति २०५६ जेठ २ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| २६४७ | जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका बस्ने सगुन श्रेष्ठलाई मिति २०६१ पुस २२ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| २८१८ | जिल्ला धादिङ जीवनपुर गाविस-बस्ने शिव सापकोटालाई २०६० कार्तिक ९ गते बेलुका ९ बजेतिर सादा पोसाकमा आएका सुरक्षाकर्मीले काठमाडौं किर्तिपुरबाट गिरफ्तार गरी बेपत्ता पारेको । |

**निम्न उजुरीहरू ...मिसिल संलग्न कागजातबाट निजहरू रिहा भएको देखिदा आयोगको उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम ६ बमोजिम उक्त उजुरीहरूलाई थप अनुसन्धान गरिरहनु आवश्यक नदेखिएकोले टुंग्याउने निर्णय भएको छ ।**

| | |
|---|---|
| २१०२ | काभ्रेपलाञ्चोक घर भएका रेशम लामालाई २०६१ भदौ ७ गते सुरक्षाकर्मीले बेपत्ता पारेको । |
| २५६६ | काभ्रेपलाञ्चोक घर भएका देवीप्रसाद ढकाललाई २०६१ पुस २१ गते बेपत्ता पारिएको । |
| ६०६ | भगवानचन्द्र ज्ञवालीलाई सुरक्षाकर्मीले २०५९ पुस १० गते पक्राउ गरी बेपत्ता पारेको । |

# कमलरीप्रथा उन्मूलन गर्न सरकारलाई सिफारिस

राष्ट्रिय मानवअधिकार आयोगले नेपालका विभिन्न भागमा, खासगरी मध्य तथा सुदूरपश्चिम क्षेत्रमा, विद्यमान कमलरीप्रथा यथाशीघ्र उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । विद्यमान कमलरी प्रथाको अन्त्य गर्नुपर्ने निर्णय गर्दै आयोगले उल्लिखित व्यहोराको सिफारिसपत्र पुस २३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको थियो । कमलरीप्रथा परम्परागत बालदासताको प्रतिक हो भन्दै आयोगको सिफारिस पत्रमा भनिएको छ, 'कमलरी बनेका बालिकाहरू आर्थिक रूपमा शोषित, शिक्षा र स्वास्थ्यको अधिकारबाट वञ्चित र यौन दुर्व्यवहारबाट पीडित भएका छन् । आयोगले केही कमलरी बालिकाहरूले घरेलुहिंसाबाट प्रताडित भई मानसिक रूपमा विक्षिप्त अवस्थामा रहेको पाएको छ । कमलरी प्रथाबाट बालअधिकारको गम्भीर हनन् भएको र डरत्रासका कारण उनीहरू उपर भएका जघन्य अपराधहरू पनि सार्वजनिक हुन सकेका छैनन् ।'

आयोगको नियमित अनुगमनमा नेपालको दाङ, बाँके बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा कमलरी प्रथा प्रचलनमा रहेको देखिएको छ, जसमध्ये दाङ कमलरीप्रथाबाट बढी प्रभावित छ । यो प्रथामा सात देखि १४ वर्षका थारु वा चौधरी समुदायका बालिकालाई घरेलु काम सघाउन राखिने भनिए पनि यसप्रथाकै आडमा बालिकाहरू नेपालका विभिन्न सहर एवम् भारतमा समेत लगिएका छन् र उनीहरूमाथि घरेलुहिंसा तथा यौन दुर्व्यवहारका घटनाहरू भएका छन् । परम्परागत रूपमा प्रत्येक वर्षको माघ १ गते 'माघी' का दिन कमलरीको लेनदेन हुने गरेको पाइन्छ ।

विद्यमान कमलरीप्रथा विभेदपूर्ण, मानवता विरोधी, मानवअधिकारका प्रचलित सिद्धान्तको प्रतिकूल तथा प्रचलित राष्ट्रिय कानुनहरू समेतको विपरित देखिन्छ । नेपाल सरकारले अनुमोदन गरिसकेको बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, न्युनतम उमेरसम्बन्धी आइएलओ अभिसन्धि नं. १३८ (१९७३), तथा नेपालको अन्तरिम संविधान २०६३ ले बालबालिकाको प्रतिष्ठापूर्ण जीवनयापनको अधिकार सुनिश्चित गरेका छन् । वर्तमान संविधानको धारा ३५ मा उल्लेख भएको *राज्यका नीतिहरू* मा मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेख छ । त्यसैगरी यो प्रथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि, १९९९ (नं.१८२), दासत्व महासन्धि १९२६ तथा दासत्व, दास-व्यापार र दासत्वसमान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी इच्छाधीन आलेख, १९५६ ले गरेका व्यवस्थाहरूको समेत प्रतिकूल रहेको देखिएको छ । यसका साथै, कमलरीको विद्यमान प्रचलन बालश्रम (निषेधित तथा नियमित) सम्बन्धी ऐन, २०५६ का प्रावधानहरूको समेत विपरित छ ।

सिफारिस पत्रमा भनिएको छ, 'केही वर्षअघि नै कमैयाप्रथा उन्मूलन भईसकेको सन्दर्भमा त्यसैको अवशेषका रूपमा रहेको कमलरीप्रथा तत्काल उन्मूलन हुनुपर्ने देखिन्छ । तसर्थ, कमलरीप्रथा यथाशीघ्र उन्मूलनका लागि अबिलम्ब आवश्यक व्यवस्था गर्न र पूर्वकमलरी, हाल उद्धार गरिएका कमलरीहरू एवम् हालसम्म कायम रहेका कमलरी, सबैलाई उद्धार, पूर्नस्थापना र सामाजिक पुनःएकीकरणको व्यवस्था गर्न तथा यो प्रथाबाट पीडित भएकालाई क्षतिपूर्ति प्रदान गर्न आयोग सिफारिस गर्दछ । साथै, कमलरीप्रथा निर्मूलनका लागि प्रभावित क्षेत्रहरूमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न र गराउन र त्यस्ता कार्यक्रम प्रभावकारी भएनभएको बारे नियमित अनुगमन गर्न समेत आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ ।'

# बाढी पीडितको अवस्थाबारे आयोगको अनुगमन



धनगढी/आयोगको सुदूर पश्चिमाञ्चल कार्यालयले कैलालीका बाढी पीडितहरूको अवस्थाबारे नियमित अनुगमन गरिरहेको छ । यसैबीच महिला विकास कार्यालय धनगढीद्वारा पुस २९ गते कैलालीको भजनी, खैलाड र झल्झलिया शिविरमा रहेका बाढी पीडितहरूलाई राहत वितरण गरिएको विषयमा पनि आयोगले अनुगमन गरेको छ । गत असोज ३ र ४ गते कैलाली र कञ्चनपुरमा आएको बाढी र पहिरोका कारण हजारौंको सङ्ख्यामा मानिसहरू विस्थापित भएका थिए ।

संयुक्त राष्ट्रसङ्घ, विश्व खाद्य कार्यक्रम, युनिसेफ तथा केही गैरसरकारी सङ्घसंस्थाहरूको सहयोगमा महिला विकास कार्यालय, धनगढीले समयसमयमा राहत सामाग्रीहरू वितरण गरिरहेको छ । पीडितहरूले राहत वितरण अपर्याप्त र भेदभावपूर्ण भएको, सबै बाढी पीडितहरूलाई समेट्न नसकेको, बालबालिका, गर्भवती र सुत्केरी महिलाको वास्तविक तथ्याङ्क नभएको जस्ता गुनासोहरू गरेका छन् । अर्कोतिर, प्रयोगसम्बन्धी ज्ञानको अभावमा किशोरीहरूका लागि वितरित केही सिलबन्दी किटहरूको उपयोग गर्न नसकेको पाईएको छ । खैलाडको झल्झलियामा ३ सय ५० घरपरिवारका महिलाहरूलाई ७ सय थान सारी र अन्य कपडाहरू, ४१ जना सुत्केरी महिलालाई स्याहार सामग्रीहरू र ७ सय ८० बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ । त्यस्तै, कैलालीकै भजनीमा ५ सय ५० घरपरिवारलाई उल्लिखित राहत सामाग्रीहरू वितरण गरिएको अनुगमनमा खटिएको आयोग टोलीले जनाएको छ ।

हिउँदयाम लागिसकेकाले धेरैजसो बाढी पीडितहरू आ-आफ्नो घरमा फर्किसकेका छन् । यद्यपि कैलाली जिल्लाका केही स्थानका पीडितहरूको बासस्थानमा बाढीले कटान गरेको र बालुवा थुप्रिएकाले उनीहरूलाई पुनःस्थापन गर्न सकिएको छैन । बाढी पीडितहरू जङ्गलको किनारमा स-साना घर, टहरा बनाएर बसिरहेकाले सामुदायिक रूपमा संरक्षित वनजंगलको अतिक्रमण भईरहेको पाईएको छ ।

यसैबीच, आयोग टोलीले कञ्चनपुर जिल्लाका विद्यार्थी सङ्गठनहरूले पुस १३ गते महेन्द्रनगरको लालपुर सबस्टेसनको वितरण प्रणाली अवरुद्ध पारी कञ्चनपुरदेखि पूर्वका जिल्लाहरूमा विद्युत सेवा बन्द गरेको सम्बन्धमा अनुगमन गऱ्यो । लोडसेडिङका कारण विद्यार्थीहरूको पढाई प्रभावित भएको र टनकपुरबाट ल्याइएको बिजुली कञ्चनपुर जिल्लावासीले आवश्यकताअनुसार उपभोग गरिसकेपछि मात्र अन्यत्र पठाउनु पर्ने भन्ने माग राख्दै स्थानीय विद्यार्थी सङ्गठनहरूले लालपुरस्थित सबस्टेसनको वितरण प्रणालीका लाइन काटी सुदूर तथा मध्यपश्चिमका जिल्लाहरूमा विद्युत सेवा अवरुद्ध पारेका थिए । यस सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय धनगढीबाट पुस १६ गते कञ्चनपुरको महेन्द्रनगरमा सरोकारवालाहरूसँग छलफल र सहजीकरण गरेको थियो ।

# पत्रकारको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह

जनकपुरधामस्थित रेडियो 'जनकपुर टुडे'मा कार्यरत पत्रकार उमा सिंहलाई पुस २७ गते साँझ अज्ञात सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनाको आयोगले निन्दा गरेको छ। यो घटनालाई बर्बर र कायरतापूर्ण भन्दै आयोगले केन्द्रीय, क्षेत्रीय तथा जनकपुर सम्पर्क कार्यालयबाट त्यस घटनाको अनुसन्धान गरेको थियो। घटनाको अनुसन्धानका लागि आयोगको केन्द्रीय कार्यालय र पूर्वाञ्चल क्षेत्रीय कार्यालयबाट छुट्टाछुट्टै टोलीहरू जनकपुर पुगेका थिए। अनुसन्धान टोलीमा आयोगको संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारी, उपनिर्देशक, दुर्गा खडका, संरक्षण अधिकृत प्रदीपकुमार झा, जनकपुर कार्यालय प्रमुख बुद्धनारायण साहनी 'केवट' लगायत हुनुहुन्थ्यो।

पछिल्लो समयमा जनकपुर र आसपासका क्षेत्रमा शान्तिसुरक्षामा आवश्यक सुधार नभएको भनी आयोगले गृहमन्त्री लगायत सुरक्षा निकायका पदाधिकारीलाई पटकपटक ध्यानाकर्षण गराउँदा समेत शृङ्खलाबद्ध हिंसात्मक गतिविधि जारी छन्। सिंह हत्याको घटनाले समेत जनकपुर क्षेत्रमा शान्ति सुरक्षाको अवस्था ज्यादै कमजोर रहेको पुष्टि गरेको छ। पुस २७ गते राती नै जनकपुरस्थित कान्तिपुर संवाददाता मोनिका झालाई ज्यानमार्ने धम्की दिई अपशब्द प्रयोग गरेको घटना पनि आयोगको जानकारीमा आएको थियो। वीरगञ्ज, काठमाडौं र देशका अन्य भागमा पनि पत्रकारहरू माथि धम्की र आक्रमण प्रयासहरू भइरहेका छन्। यस्ता घटनाबाट नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि गम्भीर प्रहार भएको आयोगको धारणा छ।

पत्रकार उमा सिंहको हत्यामा संलग्न दोषीको पहिचान गरी यथाशीघ्र कानुनबमोजिम कारबाही गर्न तथा सञ्चारकर्मी लगायतको मानवअधिकार रक्षकहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ। साथै, अधिकारकर्मी र सञ्चारकर्मीलाई शान्तिपूर्ण वातवरणमा स्वतन्त्रपूर्वक काम गर्ने अवस्था सिर्जना गर्न नेपाल सरकारसँग आग्रह गरिएको छ।

## शान्ति सुरक्षा सुधार्न गृहमन्त्रालयलाई आयोगको निर्देशन

जनकपुरका पत्रकार उमा सिंहको हत्या र देशका विभिन्न भागमा देखिएका हत्या, हिंसा र धम्कीका घटनाका सम्बन्धमा पुस २९ गते गृहसचिव र सुरक्षा निकायका प्रमुखहरूलाई बोलाई शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गर्न आयोगले निर्देशन दिएको छ। आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले जनकपुर एवम् तराईका विभिन्न भागमा सुरक्षा अवस्था ज्यादै संवेदनशील भएकाले पत्रकार, अधिकारकर्मी तथा सर्वसाधारणको सुरक्षामा विशेष संवेदनशीलता अपनाउन निर्देशन दिनुभयो। अधिकारकर्मी र सञ्चारकर्मीलगायतका व्यक्ति माथि भइरहेका हत्या र धम्कीका दोषीलाई अबिलम्ब कानुनी कारबाही गर्न आयोगले सुरक्षा अधिकारीहरूलाई निर्देशन दिएको हो। साथै, खस्कँदो शान्ति सुरक्षा र मानवअधिकारको अवस्थालाई सुधार्न आयोग र सुरक्षा निकायबीच के कसरी प्रभावकारी काम गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल भयो। छलफलमा आयोगका पदाधिकारीहरू गृहमन्त्रालयका सचिव डा. गोविन्द कुसुम, प्रहरी महानिरीक्षक हेमबहादुर गुरुङ, सशस्त्र प्रहरी बलका महानिरीक्षक बासुदेव वली लगायत उच्च पदस्थ अधिकृतहरूको उपस्थिति थियो।

*पत्रकार उमा सिंहको हत्यामा संलग्न दोषीको पहिचान गरी यथाशीघ्र कानुनबमोजिम कारबाही गर्न तथा सञ्चारकर्मी लगायतको मानवअधिकार रक्षकहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ। साथै, अधिकारकर्मी र सञ्चारकर्मीलाई शान्तिपूर्ण वातवरणमा स्वतन्त्रपूर्वक काम गर्ने अवस्था सिर्जना गर्न नेपाल सरकारसँग आग्रह गरिएको छ।*



*फाइल फोटोः पत्रकार उमा सिंह रेडियो स्टेशनमा*

## हिमाल मिडिया माथि आक्रमणको निन्दा

यसैबीच, आयोगले ललितपुरको हात्तीवनस्थित हिमाल मिडिया माथि पुस ६ गते गरिएको आक्रमणको निन्दा गरेको छ। जस्तोसुकै उद्देश्यका लागि जुनसुकै पक्षबाट गरिएको भए पनि आयोगले यो आक्रमणलाई प्रेस स्वतन्त्रता माथिको ठाडो हस्तक्षेपका रूपमा लिएको छ। प्रेस स्वतन्त्रताको रक्षा र सञ्चार संस्थाको सुरक्षा गर्नु पर्ने जिम्मेवारी नेपाल सरकारको भएकाले हिमाल खबरपत्रिका लगायत सम्पूर्ण सञ्चारमाध्यममा अविलम्ब आवश्यक सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई आग्रह गर्दछ। हिमाल मिडिया माथि भएको आक्रमणका सम्बन्धमा आयोगको एक टोलीले तत्कालै घटनास्थल पुगी अनुगमन साथै घटनाका पीडित तथा प्रत्यक्षदर्शी लगायतसँग आवश्यक सोधपुछ गऱ्यो। अनुगमनका क्रममा उक्त मिडियासँग सम्बन्धित कुन्द दीक्षित, आशुतोष तिवारी, किरण नेपाल, शम्भू गुरागाईं, वीरबहादुर तामाङ, विन्दिरा शाक्य, कर्म लामा, विलाश राई, रवि केसी लगायत माथि केही व्यक्तिहरू सम्मिलित एउटा समूहले आक्रमण गरेको पाइयो।

विगत केही समययता सञ्चारकर्मी र सञ्चार संस्थाहरू माथि विभिन्न समूहबाट हत्या, हिंसा, धम्की, लुटपाट, आगजनी र आक्रमणका घटना बढ्दै गएका छन्। तर, तिनको सुरक्षामा सरकारले पर्याप्त ध्यान पुऱ्याउन सकेको छैन। नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२ (३ क), धारा १५ र धारा २७ पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, छापाखाना तथा प्रकाशनसम्बन्धी हक र सूचनाको अधिकारहरू प्रत्याभूत गरिएको छ। साथै, मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ तथा नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ मा वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरिएको आयोग स्मरण गराउँछ।

## व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) ऐन २०६५ को विधेयकको सम्बन्धमा

# आयोगले नेपाल सरकारलाई दिएको सुझाव

राष्ट्रिय मानवअधिकार आयोगले **व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) ऐन २०६५** को विधेयकमा केही प्रावधानहरू संशोधनका लागि आवश्यक सुझाव नेपाल सरकारलाई पठाएको छ । आयोगले विधेयकका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा नेपालको अन्तरिम संविधान २०६३ र सर्वोच्च अदालतको वि.सं. २०६४ जेठ १८ को आदेश समेतको अध्ययन गरेको थियो । त्यसैगरी आयोगले बेपत्ता व्यक्तिका सम्बन्धमा कार्यरत सङ्घसंस्था र पीडित पक्ष एवम् सरोकारवालाहरूसँग छलफल गरेको थियो । बृहत् छलफल र अध्ययनपश्चात् यो विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल हुने गरी परिमार्जन गर्नको लागि आयोगले २०६५ पुस १४ गते निम्नानुसार सुझावहरू नेपाल सरकारलाई पठाएको छ-

| दफा | आयोगको सुझाव |
|---|---|
| प्रस्तावना | विधेयकको प्रस्तावनामा 'व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मानवीय मर्यादा र मूल्य-मान्यता विपरित भएकाले बलपूर्वक बेपत्ता पारिएको व्यक्ति र बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरूका सम्बन्धमा छानबिन गरी सत्य-तथ्य पत्ता लगाई दोषीलाई सजाय गर्न र पीडितलाई परिपूरणको व्यवस्था गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले' भन्ने राखिनु उपयुक्त हुने । |
| १ | ऐनको नाम 'व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने (अपराध र सजाय) ऐन' राख्नु उपयुक्त हुने । |
| २ | परिभाषा खण्डमा उल्लेखित कुराबाहेक निम्न कुरा थप समावेश हुनु पर्ने :<br>– पक्राऊ गरिएको वा थुनामा राखिएको वा कब्जामा लिएको वा अपहरण गरेको अवस्थामा उक्त तथ्यलाई अस्विकार गर्ने वा ढाँट्ने कार्य,<br>– व्यक्तिलाई पक्राउ गरी कानुनी संरक्षणभन्दा बाहिर राख्ने कार्य,<br>– राज्यको अख्तियारी, समर्थन वा सम्मतिबाट काम गर्ने व्यक्ति वा समूहबाट व्यक्तिलाई बेपत्ता पार्ने कार्य,<br>कुनै पनि ज्येष्ठ नागरिक, महिला, अपाङ्ग वा बालबालिकालाई बदनियतपूर्वक तिनका अभिभावक वा संरक्षकको मञ्जुरी वा जानकारी बिना विद्यालय, बालकल्याण केन्द्र, सार्वजनिक स्थल वा अन्य कुनै ठाउँबाट अन्यत्र लागि तिनलाई सम्पर्क बिहीन वा एकान्तबास गरेगराएमा व्यक्ति बेपत्ता पार्ने कार्य गरेको मानिने । |
| ३(१) | – कुनैपनि व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्न, बलपूर्वक बेपत्ता पार्न लगाउन वा त्यस्तो कार्यमा सहयोग वा मद्दत गर्न वा गर्न लगाउन हुँदैन । |
| ४ | – व्यक्तिलाई बेपत्ता पार्न दुरुत्साहन गर्ने वा बेपत्ता पार्न लागेको वा पारेको कुरा थाहा हुँदाहुँदै पनि त्यस्तो कार्य हुन नदिन यथोचित प्रयत्न नगर्ने अधिकारी वा जिम्मेवार समूहको जिम्मेवार व्यक्ति समेतलाई कसुरदार मानिने,<br>– बलपूर्वक बेपत्ता पार्ने कार्य हुन नदिन वा रोक्न वा सो कुराको अनुसन्धानको लागि यथोचित कदमहरू नचाल्ने अधिकारीलाई समेत कसुरदार मानिनु पर्ने कुरा उल्लेख हुनु पर्ने,<br>– जो सुकैको आदेशमा गरेको भए पनि बेपत्ता पार्ने कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिलाई समेत मुख्य कसुरदार मानिनु पर्ने । |
| ६ र ८ | – अपराधको गाम्भीर्यतालाई बिचार गरी सजायको मात्रा ५ बर्ष र तीन लाख कम देखिएकाले कम्तीमा ५ बर्ष सजाय र अवस्थाअनुसार क्षतिपूर्तिको पाउने गरी यसको दायरालाई बढाउनु पर्ने ।<br>– व्यक्ति बेपत्ता पार्ने कार्यमा दोषी ठहरिएको व्यक्ति सरकारी सेवाको बहालवाला कर्मचारी वा पदाधिकारी भएमा यसमा उल्लेखित सजायको साथै निज सेवामुक्त हुने व्यवस्था राख्नु पर्ने ।<br>– क्षतिपूर्तिसम्बन्धी मुद्दामा पीडित पक्षलाई नि:शुल्क: कानुनी सहायतालगायत कानुनी प्रक्रियामा राज्यको पूरा सहयोग हुने कुरा सुनिश्चित हुनु पर्ने ।<br>– बलपूर्वक बेपत्तासम्बन्धी हरेक घटनामा पीडितले राज्यबाट क्षतिपूर्ति पाउने कुरा उल्लेख हुनु पर्ने । |
| १० | – आयोग स्वतन्त्र, स्वायत्त तथा समावेशी र कम्तिमा एकजना नागरिक समाजको प्रतिनिधि हुने कुरा सुनिश्चित हुनु पर्ने ।<br>– सिफारिस समितिलाई थप स्वतन्त्र बनाउन प्रधामन्त्री, प्रधान न्यायाधीश र संविधानसभा अध्यक्ष रहने व्यवस्था हुनु पर्ने ।<br>– दफा १० मा उपदफा थप गरी मिति २०५२ फागुन १ गतेअघि र २०६३ साल मङ्सिर ५ गतेपछि भएका बलपूर्वक बेपत्तासम्बन्धी घटनाहरूको छानबिन गर्न उपदफाहरू (२), (३), (४) र (५) को सर्त समान आधारमा आयोग गठन गर्न सक्ने व्यवस्था राखिनु पर्ने ।<br>– आयोगमा नियुक्त हुने पदाधिकारीको न्युनतम योग्यता समेत तोकिनु पर्ने । |
| १३ | – आयोगलाई स्वतन्त्र र सक्षम बनाउन आयोगलाई आवश्यक पर्ने कर्मचारी आयोग आफैंले पनि नियुक्त गर्न सक्ने व्यवस्था राख्नु पर्ने । |
| १५: मा थप | – बेपत्ता पार्ने कार्यको प्रकृति र प्रवृत्तिको निक्यौंल गरी भविष्यमा बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य दोहोरिन नदिनको लागि आवश्यक संस्थागत सुधारको लागि सिफारिस गर्ने । |
| १७ र १८ | – आयोगको कार्यक्षेत्र बिस्तार गरिनु आवश्यक छ । आयोगको काम कारबाहीमा सहयोग नगर्ने व्यक्ति निकाय वा संस्थालाई आवश्यक कारवाही गर्न वा कारवाही गर्नको लागि लेखी पठाउन सक्ने व्यवस्था ऐनमा राखिनु पर्ने । |
| १९ | – बेपत्ता भएको व्यक्तिको खोजी वा पहिचानको प्रयोजनको लागि सङ्कलन गरिएको मेडिकल तथा जिनेटिक तथ्याङ्कहरू पीडितको पहिचान वा सोही विषयको फौजदारी मुद्दा वा पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनको लागि बाहेक अन्यत्र प्रयोग नगरिने कुरा उल्लेख हुनु पर्ने । |
| २२ | – क्षतिपूर्ति, पुन:स्थापन, पुन:उद्धार, त्यस प्रकारको घटना नदोहोरिने प्रतिबद्धता लगायतका परिपूरणका आधारभूत मान्यताहरूको आधारमा पीडित वा पीडित परिवारलाई परिपूरणको व्यवस्था गर्नेछ भन्ने व्यवस्था थप गर्नु पर्ने । |
| २३ र २५ | – आयोग आफैंले मुद्दा चलाउन सक्ने व्यवस्था राखिनु पर्ने र २०६३ मङ्सिर ५ गतेसम्म घटेका बेपत्तासम्बन्धी मुद्दा हेर्नको लागि मानवअधिकार विशेष अदालत गठन गर्ने व्यवस्था गर्नु पर्ने । |
| २६ | – बेपत्ता पार्ने कार्यलाई निरन्तरको अपराधको मान्यतालाई आत्मसात् गर्नु पर्ने । |

# राष्ट्रिय मानवअधिकार आयोग

## वि.सं. २०६५ पुस महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | सम्पर्क कार्यालयहरू | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | नेकपा (माओवादी) बाट अपहरण/स्थिति अज्ञात ( वाइसीएल समेत) | १ | – | – | – | १ | – | – | | – | २ |
| २ | सुरक्षाकर्मीबाट बेपत्ता | २ | – | – | – | – | १ | – | | – | ३ |
| ३ | अन्य समूहबाट अपहरण/स्थिति अज्ञात | ४ | – | – | – | – | १ | १ | | – | ६ |
| ४ | सुरक्षाकर्मीबाट हत्या/ हिरासतमा मृत्यु | १ | – | – | २ | – | – | – | | – | ३ |
| ५ | नेकपा (माओवादी) बाट हत्या | – | – | – | – | – | – | – | | – | |
| ६ | अन्यबाट हत्या | – | – | – | – | – | – | १ | | – | १ |
| ७ | यातना | – | १ | – | १ | – | १ | ३ | | – | ६ |
| ९ | दुर्व्यवहार | – | – | – | – | – | – | – | | – | |
| १० | कारागारसम्बन्धी | – | – | – | – | – | – | – | | – | |
| ११ | सुरक्षाकर्मीबाट विस्थापित | – | – | १ | – | – | – | – | | – | १ |
| १२ | नेकपा (माओवादी) बाट विस्थापित | २ | २ | – | – | – | – | – | | – | ४ |
| १३ | नेकपा (माओवादी) द्वारा सम्पति कब्जा वाईसीएल समेत | १ | – | – | – | – | १ | – | यो महिना कुनै उजुरी परेन । | – | २ |
| १४ | सुरक्षाकर्मीद्वारा सम्पति कब्जा | – | – | – | – | – | – | – | | – | |
| १५ | अन्यबाट सम्पति कब्जा | – | – | – | – | – | – | – | | – | |
| १६ | क्षतिपूर्ति | – | – | १ | – | १ | १ | – | | – | ३ |
| १७ | नेकपा (माओबादी, वाईसीएल समेत) बाट धम्की | १ | – | – | – | – | – | – | | – | १ |
| १८ | सुरक्षाकर्मीबाट धम्की | | – | – | – | – | – | – | | – | |
| १९ | अन्यबाट धम्की | १ | – | – | – | – | – | – | | – | १ |
| २० | थुना सम्बन्धी (गैरकानुनी पक्राउ) | – | – | – | – | – | – | – | | – | ४ |
| २१ | नागरिक अधिकार (जीवन रक्षा) | – | ३ | १ | – | – | – | – | | – | |
| २२ | पुन:गिरफ्तारी | – | | | – | – | – | – | | – | |
| २३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (जातीय भेद) | – | १ | १ | – | – | – | – | | – | २ |
| २४ | सुरक्षाकर्मीबाट घाईते/कुटपिट | – | – | – | – | – | – | – | | – | |
| २५ | नेकपा (माओवादी, वाईसीएलसमेत) बाट घाईते/कुटपिट | १ | – | – | २ | – | – | – | | – | ३ |
| २६ | बम विष्फोटमा घाईते | – | – | – | – | – | – | – | | – | |
| २७ | बालअधिकार | ३ | – | – | – | – | – | – | | – | ३ |
| २८ | महिलाअधिकार (घरेलु हिंसा समेत) | ३ | – | – | – | – | १ | – | | – | ४ |
| ३० | न्याय प्रशासन | ५ | २ | – | – | – | ४ | – | | – | ११ |
| ३१ | अन्य (विस्थापन, रोजगारसम्बन्धी) | २ | १ | १ | १ | – | – | १ | | २ | ६ |
| | जम्मा | २७ | १० | ५ | ६ | २ | १० | ६ | -- | २ | ६८ |

# मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

## मानवअधिकार हटलाइन

**१-११-११-११**

(दुई एघार एघार एघार)

**चौबीसै घन्टा खुला छ ।**

- उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।
- उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।
- मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१०९१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरू

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११
जनकपुरधाम, धनुषा, फोन: ०४१-५२७२५०
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

**प्रापक:**

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य